निर्णयहरु :

१) मर्स्याङदी गाउँ पालिकावाट प्रवाह गरिने सेवाहरु र प्रशासनिक कामहरुलाई छिटो छरितो र व्यवस्थित वनाउनको निम्ति कार्यलय र सम्पूर्ण वडा कार्यलयहरुलाई सुचना प्रविधि मैत्री वनाउने निर्णय गरियो ।

२) मर्स्याङदी गाउँ पालिकामा रहेको जमीनहरुको अधिकतम उपयोग गरि आर्थिक प्रवर्द्धनमा टेवा पुऱ्याउन जमीन बाँजो राख्न नपाईने निती (भु-उपयोगको निति) अवलम्वन गर्ने निर्णय गरियो ।

३) एक गाउँ एक ल्याण्ड फिल्ड साइट निर्माण गरि फोहोर मैला व्यवस्थापन र वातावरणीय सुधारका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै मर्स्याङदी गाउँ पालिकालाई स्वच्छ सफा र स,न्दर गाउँ पालिका वनाउने निर्णय गरियो ।

४) यस गाउँ पालिका भित्र निर्माणधिन र निर्माणमा आउन सक्ने जल विद्यत आयोजनाहरुलाई मध्यनजर गरि रोजगारीको व्यवस्थापन गर्न आवश्यक परामर्श र छलफल पश्चात विभिन्न तालिमहरुको आयोजना गर्न विभिन्न संघ संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

५) मर्स्याङदी गाउँ पालिकाको समग्र विकासका निम्ति विभिन्न क्षेत्रका विज्ञ र परामर्श दाता संस्थाहरुको सहयोगमा ५ वर्षे गुरुयोजना तयार गर्ने निर्णय गरियो ।

६) मर्स्याङदी गाउँ पालिकाको विभिन्न योजना, गतिविधिहरुलाई सहयोग पुऱ्याउन आवश्यक तथ्याङ्कहरु उपलव्ध गराउन सम्भाव्य तथ्याङ्कहरुको सङगालो मर्स्याङदी गाउँ पालिका प्रोफाइल तयार गर्ने निर्णय गरियो ।

७) मर्स्याङदी गाउँ पालिकालाई एक पर्यटकीय गन्तव्यको रुपमा विकास गरि आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्न यस गाउँपालिका भित्र रहेका प्राकृतिक रमणिय स्थलहरु, ऐतिहासिक, धार्मिक क्षेत्रहरु, कला संस्कृतिहरु समेटिने वृत्त चित्र तयार गरि सञ्चार माध्यमहरुवाट प्रचार प्रसार गर्नका साथै पर्यटनको विकासको निम्ति विभिन्न योजनाहरु अगाडि वढाउने निर्णय गरियो ।

८) समयले कसैलाई पर्खदैन । त्यसैले समयको महत्वलाई ध्यानमा राखी कुनै पनि कार्यालय संध संस्थाहरुले आयोजना गर्ने जुन सुकै कार्यक्रमहरु/वैठकहरुको समय तालिक (शरुवात र समापन सहित) अनिवार्य रुपमा जानकारी गराउने र सोही बमोजिम समय व्यवस्थापनलाई कडाईका साथ कार्यन्वयन गर्ने गराउने निर्णय गरियो ।

९) मर्स्याङदी गाउँ पालिकाका काठमाण्डौमा बस्दै आउनु भएका विभिन्न राजनितिक व्यक्तित्वहरु, विषय विज्ञहरु र महत्वपूर्ण व्यक्तित्वहरु सँग यस गाउँ पालिकाको भावि योजना र कार्य दिशा बारे छलफल गर्न र सुझावहरु संकलन गर्न यहि आषाढ १७ गते दिनको १ वजे होटेल मर्स्याङदीमा एक भेला आयोजना गर्ने निर्णय गरियो ।

१०) मर्स्याङदी गाउँ पालिकाका विभिन्न राजनितिक व्यक्तित्वहरु, विषय विज्ञहरु र महत्वपूर्ण व्यक्तित्वहरु सँग यस गाउँ पालिकाको भावि योजना र कार्य दिशा बारे छलफल गर्न र सुझावहरु संकलन गर्न यहि आषाढ २० गते विहान ११ वजे गा.पा.को सभा हलमा एक भेला आयोजना गर्ने निर्णय गरियो ।

११) गाउँपालिकाको समग्र विकासको निम्ति कनै न कनै क्षेत्रमा सहकार्य, सहयोग गर्न ईच्छुक गैर सरकारी संघ संस्थाहरुलाई राज्यको निति र कानुन सँग नबाझिने हकमा आफ्नो कार्यक्रम, सहयोग सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य र वातावरण तयार पार्ने कुरामा सवै जन प्रतिनिधिहरु सकृय रहदै आवश्यक पहल कदमी गर्ने निर्णय गरियो ।

१२) विद्युत र टेलिफोन सेवामा भएको समस्यालाई मध्यनजर राखी सम्वन्धित निकायहरुको ध्यानाकर्षण गराउदै व्यवस्थित सेवाको लागि आवश्यक पहलकदमी गर्ने निर्णय गरियो ।

१३) प्राकृतिक श्रोत साधनहरु जटिबुटी/जङगल बन सम्पदाको संरक्षण, नियन्त्रण र नियमन (चोरी निकासी नियन्त्रण) गर्दै यसको दिगो उपयोग मार्फत मर्स्याङदी गाउँपालिकाको आर्थीक प्रवर्द्धन गर्दै लैजाने निर्णय गरियो ।

१४) अलैंची खेतीमा आएको समस्यालाई ध्यानमा राखी समाधानको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

१५) निम्नानसारको समितिहरु गठन गर्ने निर्णय गरियो ।

**क) राजस्व परामर्श समिति :**

१. संयोजक : उपाध्यक्ष होम बहादुर बि.क.
२. सदस्य : धर्म राज लम्साल, कार्यकारी अधिकृत
३. सदस्य : हिरा देवी घले, महिला सदस्य
४. सदस्य : नन्द राम बि.क., गा.का.पा. सदस्य
५. सदस्य : विरेन्द्र भण्डारी, अध्यक्ष, उद्योग वाणिज्य संघ, मर्स्याङदी गा.पा.
६. सदस्य सचिव : ज्याउर रहमान खान, लेखापाल गा.पा.

**ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति :**

१. संयोजक : अध्यक्ष, अर्जुन गरुङ
२. सदस्य : उपाध्यक्ष, होम बहादर बि.क.
३. सदस्य : कार्यकारी अधिकृत, धर्मराज लम्साल
४. सदस्य : प्रेम बहादुर बस्नेत, गा.का.पा. सदस्य
५. सदस्य : चेत बहादुर गुरुङ, गा.का.पा. सदस्य
६. सदस्य : लिला प्रसाद [illegible], गा.का.पा. सदस्य
७. सदस्य सचिव : ज्याउर रहमान खान, लेखापाल गा.पा.

**ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति :**

१. संयोजक : उपाध्यक्ष, होम बहादुर बि.क.
२. सदस्य : युवा घले, गा.का.पा. सदस्य
३. सदस्य : सुमन गुरुङ, गा.का.पा. सदस्य
४. सदस्य : रुद्रमान गरुङ, गा.का.पा. सदस्य
५. सदस्य : लेखमान गुरुङ, गा.का.पा. सदस्य
६. सदस्य : नारायण थापा, गा.का.पा. सदस्य
७. सदस्य : कृष्ण बि.क., गा.का.पा. सदस्य

८. सदस्य सचिव : धर्म राज लम्साल, कार्यकारी अधिकृत

१६) योजना तर्जुमाको निम्नानसारको समय तालिका निर्धारण गर्ने निर्णय गरियो ।

- बस्ति/टोल स्तरबाट योजना छनौट - आषाढ १६/१७ गते
- वडा स्तरिय योजना प्राथमिकरण - आषाढ १९ गते ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट कार्यक्रम तयारी - आषाढ २२ गते ।
- गाउँपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृती - आषाढ २५ गते ।
- गाउँ सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति - आषाढ २६ गते ।

१७) मर्स्याङदी गाउँपालिका पदाधिकारीहरुको आचार संहिता २०७४, मर्स्याङदी गाउँपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्य विधि) नियमावली २०७४, मर्स्याङदी गाउँपालिका कार्य विभाजन नियमावली २०७४, मर्स्याङदी गाउँपालिका कार्य सम्पादन नियमावली २०७४, मस्याङदी गाउँ पालिकाको बैठक सन्चालन सम्वन्धि कार्यविधि २०७४ सर्वसम्मतिमा पारित गर्ने निर्णय गरियो ।

चितरी

अनिता

जित

०७४/३/१४